# माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

माादी गाउँपालिका

प.सं: २०८०/०८१
च.नं: 686

मिति : २०८०/०८/०७

**विषय : राष्टपति रनिङ शिल्ड प्रतियोगिता सम्बन्धमा ।**

श्री गाउँपालिका स्थित सबै माध्यमिक विद्यालयहरु,
मादी गाउँपालिका, कास्की ।

प्रस्तुत विषयमा मादी गाउँपालिका स्तरीय राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगिता व्यावस्थापन तथा निर्देशन समितिको मिति २०८०।८।०६ गतेको निर्णय अनुसार मादी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८० सञ्चालन हुने भएकोले गाउँपालिका स्थित सम्पूर्ण माध्यमिक विद्यालयहरुलाई तपसिल बमोजिमको समय तालिका अनुसार सहभागिताको लागि अनुरोध छ ।

तपसिल:-

१. खेल सञ्चालन हुने मिति समय र स्थान
   - मिति: २०८०।०८।१५ देखि १७ गते सम्म ,विहान १० बजेबाट,
   - आयोजक: मादी गाउँपालिका,शिक्षा युवा तथा खेलकुद शाखा , व्यवस्थापक/संचालक: ध्रुव मा.वि. मादी-४,
   - स्थान : मादी वडा नं ४,बेतेनी, तारकाङ,

२. सञ्चालन हुने खेलहरु
   १. भलिवल तर्फ छात्र/छात्रा दुबैमा खेलाडी सहभागी संख्या ९/९ जना, १ जना प्रशिक्षक र १ जना व्यवस्थापक,
   २. कबड्डी तर्फ छात्र/छात्रा दुबैमा खेलाडी सहभागी संख्या ९/९ जना, १ जना प्रशिक्षक र १ जना व्यवस्थापक, ,
   ३. एथलेटिक्स,दौड (ट्र्याक) तर्फ: छात्र/छात्रा १०० मि., २०० मि.,४०० मि,
   ४. एथलेटिक्स,उफ्रने र प्याँक्ने(फिल्ड) तर्फ - छात्र/छात्रा हाइजम्प, लङजम्प, ज्याभलिङ थ्रो, सटफुट

३ . प्रतियोगितामा सहभागीले पालना गर्नुपर्ने नियमहरु:

- राष्ट्रपति रनिङग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० बमोजिम खेल सञ्चालन हुनेछ ।
- खेलाडी चालु शैक्षिक सत्र २०८० मा कक्षा १२ सम्म नियमित रुपमा अध्ययनरत १८ वर्ष भन्दा मुनिका छात्र/छात्राहरु हुनुपर्नेछ ।
- खेलाडीको नाम दर्ता गर्दा राष्ट्रपति रनिङग शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० को अनुसुची १ बमोजिमको फाराममा खेलाडीको फोटो टाँसी अनिवार्य रुपमा जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि सहितविवरण भरी पेश गर्नु पर्ने छ । अन्यथा खेलाडीको फर्म दर्ता हुने छैन । गैर विद्यार्थीलाई सहभागी गराइने छैन ।
- खेलकुदमा सहभागी हुने विद्यालयहरुले खेलाडी विद्यार्थीको विवरण मिति २०८०।०८।१२ गते कार्यालय समय भित्र दर्ता गरी सक्नुपर्ने छ ।
- खेलाडीको विषयमा कुनै विवाद भएमा राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगीता व्यावस्थापन तथा निर्देशन समितिको निर्णय अन्तिम हुनेछ ।
- मिति २०८०।०८।१५ गते विहान १०:०० बजे हुने मार्चपासको लागि खेलाडी विद्यालयको व्यानर र झण्डा सहित उपस्थित हुनुपर्ने छ साथै खेलाडीले आफ्नो खेल अनुसारको ड्रेस र जुता लगाउनु पर्ने छ । पोसाकको व्यवस्था विद्यालयले गर्नुपर्नेछ ।

२०८०/०८/०७

प्रमुख प्रशासकीय अधिकृत

"पर्यटन,कृषि,जलस्रोत र पुर्वाधार ! समन्यायिक समृद्दी मादीको मूल आधार"

मोवाईल :९८५६०७२६०१,९८५६०७२६०२,९८५६०७२६००,Web Site :madimunkaski.gov.np ईमेल : madimunkaski@gmail.com

## राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा सहभागी हुन भर्नुपर्ने फाराम

१. सहभागी विद्यार्थीको नाम:

२. विद्यालयको नाम ठेगाना:

३. अध्यनरत कक्षा:

४. जन्ममिति:

५. सहभागी हुने खेल:

६. सहभागी हुने विद्यार्थीको हस्ताक्षर:

उल्लेखित व्यहोरा ठिक साँचो हो भनी प्रमाणीत गर्ने

| विद्यालयबाट छनौट भएमा | स्थानीय तहबाट छनौट भएमा | जिल्लाबाट छनौट भएमा | प्रदेशबाट छनौट भएमा |
|---|---|---|---|
| प्रधानाध्यापकको | व्यवस्थापन तथा निर्देशन समितिको संयोजक तथा सदस्य सचिवको | जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुखको | प्रदेश खेलकुद विकास समितिको कार्यालय प्रमुखको |
| नाम: | नाम: | नाम: | नाम: |
| हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: | हस्ताक्षर: |
| मिति: | मिति: | मिति: | मिति: |
| मोबाइल फोन न: | मोबाइल फोन न: | मोबाइल फोन न: | मोबाइल फोन न: |
| कार्यालयको छाप: | कार्यालयको छाप: | कार्यालयको छाप: | कार्यालयको छाप: |

खेलाडीको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत